





# मिकी शहरमा फोहोरको वर्गीकरण (नेपाली भाषा)

सन् 2026 को 4 महिना सम्मको अवस्था अनुसार


| प्रकार | फोहोरको झोला | संकलन हुने दिन | विवरण |
|---|---|---|---|
| かねんごみ<br>जल्ने फोहोर | मिकी शहरद्वारा तोकिएको फोहोरको झोला (पहेंलो रङ)<br> | <हप्तामा 2 पटक> | ट्युब प्रकारका (प्लास्टिक) / खाद्य फोहोर (खानेकुराका बाँकी अंश) / लुगा, जुत्ता र तौलिया / कागज, काठका चपस्टिक, कलम र पातहरू / लाइटर<br><br>※केचअप, ह्यान्ड क्रिम, टुथपेस्ट आदि जस्ता धुन नसकिने कन्टेनरहरू।<br>※ छाँटेएका हाँगाहरू (लम्बाइ: 30 से.मी. सम्म)<br>※ पूर्ण रूपमा प्रयोग गरिसकेपछि मात्र फाल्नुहोस्।<br>※ अन्य फोहोरसँग नमिसाई छुट्टै झोलामा राख्नुहोस्। |
| あらごみ<br>ठूला तथा धातुजन्य फोहोर | बजारमा पाइने झोला (पारदर्शी वा अर्धपारदर्शी)<br> | <महिनामा 1 पटक> | काठका फर्निचर तथा छाँटिएका हाँगाहरू (लम्बाइ 30 से.मी. देखि 1 मिटर सम्म) / धातुजन्य वस्तुहरू (भाँडा, खाली क्यान, मट्टितेल हिटर, साइकल, स्प्रे क्यान)।<br><br>※ठूला वस्तुहरू 1 मिटर भन्दा बढी लम्बाइका हुनुहुँदैन र डोरीले बाध्ने<br>※ कैंची वा चक्कुमा "きけん (खतरा)" भनेर लेख्नुहोस्।<br>※ साइकलमा "ごみ(फोहोर)" भनेर लेख्नुहोस्।<br>※ पूर्ण रूपमा प्रयोग गरिसकेपछि मात्र फाल्नुहोस्।<br>※ स्प्रे क्यानमा प्वाल पारेर मात्र फाल्नुहोस्। |
| うめたてごみ<br>गाड्ने फोहोर | बजारमा पाइने झोला (पारदर्शी वा अर्धपारदर्शी)<br> | <महिनामा 1 पटक> | सिसा र सिरामिकका सामग्रीहरू / ओछ्यान, कम्बल र पर्दा। / विद्युतीय उपकरणहरू / छाता, बेबी कार आदि। / ब्याट्री, ट्युबलाइट<br>※ कागजमा बेरेर झोलाभित्र राख्नुहोस्।<br>※ डोरीले बाँध्नुहोस्।<br>※ बिजुली वा ब्याट्री प्रयोग गर्ने वस्तुहरू।<br><br>※ फुट्न सक्ने वस्तुहरूमा "きけん(खतरा)" भनेर लेख्नुहोस्।<br>※ ब्याट्री, ट्युबलाइट तथा अन्य गाड्ने फोहोरहरू छुट्टाछुट्टै फोहोरको झोलामा राख्नुहोस्। |
| ぷらすちっく<br>प्लास्टिक | मिकी शहरद्वारा तोकिएको फोहोरको झोला (पारदर्शी)<br> | <हप्तामा 1 पटक> | प्लास्टिकका कन्टेनरहरू / डिटर्जेन्ट झोल साबुनका भाडो / प्लास्टिक झोला / स्टाइरोफोम (फोम प्लास्टिक)<br><br>※ फोहोर लागेको वस्तु भए पानीले हल्का पखाल्नुहोस्।<br>प्लास्टिकको चिन्ह<br>※ प्लास्टिकको चिन्ह नभए पनि, यदि वस्तु प्लास्टिकबाट बनेको हो भने त्यसलाई "प्लास्टिक" फोहोरमा राख्नुहोस्। |
| ぺっとぼとる<br>प्लास्टिक बोतल | बजारमा पाइने झोला (पारदर्शी वा अर्धपारदर्शी)<br> | <महिनामा 1 पटक> | ① क्याप र लेबल हटाउनुहोस्। ② धुनुहोस्। ③ थिचेर सानो बनाउनुहोस्। ④ झोलामा राख्नुहोस्।<br><br>※ क्याप र लेबललाई "प्लास्टिक" फोहोरमा राख्नुहोस्।<br>PET बोतलको चिन्ह |
| かみぱっく<br>कागजी प्याकेट<br>※ दूध वा जुस राखिएको कागजी प्याकेट | बजारमा पाइने झोला (पारदर्शी वा अर्धपारदर्शी)<br> | <महिनामा 1 पटक> | ① धुनुहोस्। ② खोलेर सुकाउनुहोस्। ③झोलामा राख्नुहोस्।<br><br>कागजी प्याक चिन्ह<br>भित्रको भाग "सेतो रङ" भएको कागजी प्याकेट मात्र संकलनको लागि योग्य हुन्छ।<br>भित्रको भाग "चाँदी रङ" वा "खैरो रङ" भएको कागजी प्याकेटलाई "जल्ने फोहोर" मा राख्नुहोस्। |
| こし<br>पुराना कागजहरू | डोरीले बाँध्ने<br> | <महिनामा 1 पटक> | पत्रिका र विज्ञापन पर्चाहरू। / पत्रिका र पुस्तकहरू। / कार्टुन कार्डबोर्ड<br><br>समाचारपत्र, पत्रिका र कार्टुन (डान्बोरु) लाई छुट्टाछुट्टै राखेर डोरीले बाँध्नुहोस्।<br>※ फोहोरको झोला आवश्यक पर्दैन। |
| あきびん<br>खाली सिसाका बोतलहरू<br>※ खानेकुरा वा पेय पदार्थ राखिएका सिसाका बोतलहरू | फोहोरको झोला आवश्यक पर्दैन।<br> | <महिनामा 1 पटक> | पारदर्शी सिसाका बोतलहरू / खैरो रङका सिसाका बोतलहरू। / खैरो रङका बाहेकका सिसाका बोतलहरू।<br><br><br>सिसाका बोतलहरू भित्र सफा धोएर खाली बोतल संकलन बाकस (पोस्ट) मा हाल्नुहोस्।<br>※ फोहोरको झोला आवश्यक पर्दैन।<br>※ सौन्दर्य प्रसाधन (कस्मेटिक) वा औषधिका सिसाका बोतलहरू "गाड्ने फोहोर" मा राख्नुहोस्। |

【फोहोर निकाल्ने स्थान】




[फोहोर निकाल्ने समय]

फोहोर संकलन हुने दिन बिहान 5 बजेदेखि 8 बजेसम्म फोहोर निकाल्नुहोस्।



फोहोर संकलन हुने दिन फोहोर संकलन स्थल (गोमी स्टेशन) मा उल्लेख गरिएको हुन्छ।
एक दिन (एक पटक) मा अधिकतम 3 वटा झोलासम्म मात्र ।

**【अनुरोध】**

◎फोहोरको "प्रकार" अनुसार सही रूपमा वर्गीकरण गर्नुहोस्।
◎तोकिएको "फाल्ने तरिका (झोला)" अनुसार फोहोर निकाल्नुहोस्।
◎एक दिन (एक पटक) मा अधिकतम ३ वटा झोलासम्म मात्र हो।
◎फोहोर संकलन हुने दिन बिहान 5 बजेदेखि 8 बजेसम्म फोहोर निकाल्नुहोस्।
◎तेल, मसला तथा अन्य तरल पदार्थहरू फाल्न पाइँदैन। → कपडा वा कागजमा सोसाएर "जल्ने फोहोर" मा राख्नुहोस्।
◎यदि तपाईंले निकालेको फोहोर संकलन नगरिएको र त्यसमा "वर्गीकरण स्टिकर" टाँसिएको छ भने, फोहोरको "वर्गीकरण" वा "संकलन दिन" गलत भएको हो। त्यसैले फोहोर फिर्ता लिएर सही संकलन दिनमा पुनः निकाल्नुहोस्।
★टेलिभिजन, फ्रिज, डिप फ्रिज, लुगा धुने मेसिन, एयर कन्डिसनर र कपडा सुकाउने मेसिन नगरपालिकाले संकलन वा प्रशोधन गर्दैन। कृपया विद्युतीय सामान बिक्री गर्ने पसल वा सम्बन्धित संस्थासँग परामर्श गर्नुहोस्।
★मोबाइल ब्याट्री पावर बैंक तथा रिचार्ज गर्न मिल्ने ब्याट्रीहरू सफाइ केन्द्र, नगर कार्यालय, योकावा शाखा कार्यालय तथा नगर सार्वजनिक सामुदायिक केन्द्रहरूमा संकलन गरिन्छ।

【फोहोर सम्बन्धी परामर्श केन्द्र】मिकी शहर सफाइ केन्द्र
【फोन】 (0794) 83-2608 【इमेल】 kankyo@city.miki.lg.jp